दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २२८ | बुटवल | २०८२ साउन २८ गते, बुधबार | नेपाल संवत ११४५ | Wednesday August 13, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## मल अभावबारे तीन दिनभित्र ठोस प्रस्ताव ल्याउन प्रधानमन्त्रीको निर्देशन

बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीले तीन दिनभित्र रासयनिक मलको प्रभावकारी वितरणको ठोस प्रस्तावसहित उपस्थित हुन कृषि, तथा पशुपंक्षी विकासमन्त्रीलाई निर्देशन दिएका छन् ।

रासयनिक मलको अभाव भएको गुनासोबारे प्रधानमन्त्री केपी शर्मा ओलीले सिंहदरबारमा मंगलबार कृषिमन्त्री रामनाथ अधिकारी र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसँग छलफल गरेका हुन् ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले पनि प्रधानमन्त्रीले रासयनिक मल किन उपलब्ध हुन नसकेको भनेर प्रश्न गरेको बताए ।

'सम्माननीय प्रधानमन्त्रीको उपस्थितिमा कृषि मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग अहिलेको रासयनिक मलको उपलब्धता, आपूर्तिको विषयलाई लिएर छलफल भएको छ, यथेष्ठ मात्रामा जति रासयनिक मल हुनुपर्ने थियो, त्यो किन हुन सकेन ? भनेर प्रधानमन्त्रीले गम्भीरतापूर्वक चासो राख्नुभएको छ,' उनले भने-'यद्यपि अहिले पनि रासयनिक मल उपलब्ध छ। आयात पनि भइरहेको छ। त्यसलाई वितरण जसरी हुनुपर्ने हो त्यसरी हुन सकेन।

समग्र विषयलाई ३ दिनभित्र ठोस प्रस्तावसहित आउन कृषि मन्त्रालयलाई निर्देश भएको छ।

नेपालमा मल कारखानाका लागि आवश्यक तयारीका लागि उद्योग मन्त्रालयलाई निर्देश भएको छ।' प्रधानमन्त्रीको सचिवालयका अनुसार तीन दिनभित्र सम्पादन गर्ने गरी तीन बुँदे निर्देशन भएको छ।

## राज्य व्यवस्था समिति सभापतिबाट रामहरि खतिवडाको राजीनामा

बुटवल । प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको सभापति पदबाट रामहरि खतिवडाले राजीनामा दिएका छन् । मङ्गलबार प्रतिनिधिसभाको बैठकलाई सम्बोधन गर्दै उनले समिति सभापतिबाट राजीनामा दिएका हुन् ।

राज्य व्यवस्था समितिबाट पारित भएको निजामति कर्मचारीसँग सम्बन्धित निजामती सेवा विधेयकको प्रतिवेदनमा गम्भीर त्रुटी भएको निष्कर्ष संसदीय छानबिन समितिले निकालेपछि उनले समिति सभापतिको पदबाट राजीनामा दिएका हुन् ।

राजीनामा दिनुअघि सदनलाई सम्बोधन गर्दै खतिवडाले आफू सुरुदेखि सरकारी कर्मचारीका लागि कुलिङ पिरियड लागु हुनुपर्छ भन्नेमा अडिग रहेको र भविष्यमा रहिरहने दाबी गरेका छन् ।

राज्य व्यवस्था समितिको विधायिकी मनसायविपरीत विधेयकको प्रतिवेदन तयार भएको दाबीसमेत खतिवडाले गरेका छन्। उनले निजामती विधेयकमा भएको त्रुटि आफू र राज्य व्यवस्था समितिबाट नभएको दाबी गर्दै अन्तिम रूपलाई गहिरिएर नहेर्नु कमजोरी भएको स्वीकार गरे ।

कर्मचारीका लागि विश्वास गर्दा त्रुटि हुन पुगेको उनको भनाइ छ। राजीनामा दिँदै खतिवडाले आफू कूटिल राजनीतिको सिकार भएको उल्लेख गरे ।

संसदीय छानबिन प्रतिवेदनले आफूलाई दोषी नठहऱ्याएको पनि खतिवडाले दाबी गरेका छन्। राजीनामा घोषणा गर्दै खतिवडाले भने-'प्रतिवेदनमा जिम्मेवारी भन्ने शब्द प्रयोग गरिएको हुँदा म जिम्मेवारी बोध गर्दै राज्य व्यवस्था तथा सुशासन समितिको सभापतिबाट आज हाँसीहाँसी राजीनामा दिएको घोषणा गर्दछु।'

### हाइड्रोपावरको नाममा करोडौं संकलन

# आठ वर्षसम्म बिजुली बलेन, लगानी डुब्ने जोखिम




**प्रेम सुनार**
*गुल्मी*

गुल्मीको चन्द्रकोट गाउँपालिका-७, रुपाकोट सोतागाउँका खडानन्द गैरले ८ वर्षअघि गाउँका केही प्रतिष्ठित व्यक्तिले हाइड्रोपावर खोल्ने सपना देखाएपछि ५० हजार रुपैयाँ ऋण लिएर शेयर खरिद गरे ।

तर, आठ वर्षमा उनले ५० हजार ऋणको ब्याज मात्र १ लाख २० हजार तिरे, मूलधन अझै फिर्ता भएको छैन । ६३ वर्षीय गैरे विगत तीन वर्षदेखि क्यान्सर रोगसँग जुधिरहेका छन् । ४० वर्षसम्म भारतमा मजदुरी गरेर गुजारा चलाएका गैरे अहिले औषधि किन्ने पैसा समेत नभएको पीडामा छन् । "५० हजार ऋण लिएर शेयर किनें, आठ वर्षमा ब्याज मात्रै १ लाख २० हजार तिरेँ । सावा तिरेको बिल अझै यो कागजमै छ, तर अहिले मसँग औषधि खाने पैसासमेत छैन ।"- उनले दुःख पोखे ।

उस्तै, सोही गाउँका ८७ वर्षीय लक्ष्मिकान्त भण्डारीलाई पनि हाइड्रोपावरबाट आम्दानी हुने आशमा सात लाख रुपैयाँ लगानी गर्दा सबै सम्पत्ति बेच्नुपऱ्यो । अहिले उनी सुकुम्बासी बनेका छन् । "सात लाखको शेयर राखेँ, त्यसका लागि छोराले दिएको सम्पत्ति सबै बेच्नुपऱ्यो । अब त म सुकुम्बासी भएँ ।"- भण्डारीले आँसु झार्दै सुनाए ।

स्थानीयका अनुसार २०७४ सालमा भुवन भण्डारी, शिव भण्डारी, शंकर भण्डारी, यज्ञ गैरे, स्थानेश्वर भण्डारी, डिल्लिराज भण्डारीलगायतले 'रुपाकोट विकास तथा विद्युत् कम्पनी प्रा.लि.' नामक संस्था दर्ता गरी हुग्दिखोलाबाट पानी ल्याएर ४ सय मेगावाटको हाइड्रोपावर आयोजना गर्ने घोषणा गरेका थिए । गाउँका सयौं विपन्न परिवारले गाग्री-ताउलो बेचेर समेत लगानी गरे । तर, आयोजना न सुरु भयो, न लगानी फिर्ता भयो ।

२०८० असार २३ गते पीडितहरूले देउराली मन्दिरमा भेला गरी रकम संकलनका प्रमुख भुवन भण्डारीलाई जनप्रतिनिधिहरूको उपस्थितिमा बोलाए ।

सो अवसरमा भण्डारीले म्याग्दीको पिपुल्स हाइड्रो र लमजुङको धार्केखोला हाइड्रोमा बेचिएको ४० हजार कित्ता शेयरबाट उठाइएको रकम २ वर्षभित्र फिर्ता गर्ने प्रतिबद्धता जनाउँदै लिखित कबुलियत पत्रमा हस्ताक्षर गरे । तर, २०८२ असार २५ गते समयसीमा सकिएको झन्डै एक महिना बितिसक्दा पनि रकम फिर्ता भएको छैन ।

भण्डारीले कुलो खन्न २ करोड ३० लाख खर्च भएको दाबी गरेका छन् । पीडितहरूले भने हाइड्रोपावरका लागि उठाएको रकम सिँचाइ योजनामा अनियमित रूपमा खर्च गरिएको आरोप लगाएका छन् ।

भुवन भण्डारीले फोनमा भने-"कुलो खन्नमै दुई करोड ३० लाख खर्च भयो, बाँकी रकम फिर्ता गरिन्छ ।" तर, उपस्थित पीडितहरूले प्रतिवाद गर्दै भने-"हामीले कुलो खन्न पैसा दिएका हौं कि बिजुली बनाउने भनेर ?"

स्थानेश्वर भण्डारी अध्यक्ष रहेको दमका सोताफाट सिँचाइ योजनामा २०७१/०७२ आर्थिक वर्षमा विश्व बैंकमार्फत् चार करोड ४७ लाख रुपैयाँ बजेट विनियोजन भएको थियो ।

हाइड्रोपावरका नाममा करिब ३ करोड ८७ लाख रुपैयाँ संकलन भए पनि हालसम्म न परियोजना अघि बढेको छ, न लगानीकर्तालाई रकम फिर्ता गरिएको छ। पीडितहरूले यसबारे छानबिन गर्न सम्बन्धित निकायलाई आग्रह गरेका छन् ।

# खानेपानी कार्यालय सर्ने भएपछि अर्घाखाँचीमा तनाव



**लक्ष्मण घिमिरे**
*अर्घाखाँची*

नेपाल सरकारले फेरि पनि अर्घाखाँची जिल्लालाई धोका दिएको छ । साविकका संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरु इलाम, म्याग्दी र जुम्लालाई अन्य कार्यालयमा गाभ्दा अर्घाखाँचीलाई मात्र अन्यत्र गाभेको छ ।

अन्य जिल्लामा त्यहाँका जनप्रतिनिधि र जनताहरुको व्यापक विरोधकाबिच फेरि कार्यालयहरु अस्थायीरुपमा सञ्चालन गर्ने गरी खानेपानी मन्त्रालयले अर्थ मन्त्रालयमा सहमतिको लागि माग गरेको छ भने सोही अवस्थाको अर्घाखाँची कार्यालयलाई छुटाएको छ ।

अर्घाखाँचीमा कार्यालय हुनुपर्छ भन्दै विरोध स्वरुप ज्ञापन पत्र तथा भेटघाट र अन्य प्रक्रियबाट पनि माग गर्दा पनि अर्घाखाँचीको मात्र कार्यालय छुटेकोले राजनीतिक दल र उपभोक्ताहरु कडा विरोधमा उत्रिने बताएका छन् ।

अर्घाखाँची कार्यालयलाई बुटवलमा गाभेको छ । साविकमा रहेका २० वटा संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरुलाई हाल १४ वटा स्थायी कार्यालयमा रुपान्तरण गरेको छ । रुपान्तरण गर्दा पनि संघीयताको मर्म विपरीत केन्द्रीकृत गरेको छ ।

देश संघीय गणतन्त्रमा अभ्यासरत रहँदै गर्दा सरकार र सरकारको नेतृत्व गरेकाहरु र उच्च पदस्थ कर्मचारीहरुको केन्द्रकृत मानसिकताको कारण यस्तो भएको हो, यहाँका बासिन्दाहरुको बुझाइ रहेको छ ।

संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना अर्घाखाँचीले गुल्मी, अर्घाखाँची र पाल्पामा सुरुवातदेखि सञ्चालन गरेका करिब २०० जति आयोजनाहरु सञ्चालनमा थिए, अब ती मध्ये अधिकांश अलपत्र पर्ने चिन्ताले उपभोक्ताहरु साह्रै चिन्तित छन् ।

अर्घाखाँची पहाडी जिल्ला भएको र बसाईसराइ पनि तिब्र भएकोले यहाँबाट कार्यालय बुटवलमा सार्नु भनेको पहाडलाई मानवरहित बनाउने सरकारको प्रयास भएको यहाँका स्थानीय बुद्धिजीविहरुले बताएका छन् ।

अर्घाखाँचीका संघीय सांसद टोपबहादुर रायमाझी कारागारमा हुनु र यसलाई अन्यत्र सारिनुले उनको आवश्यकतालाई मर्मज्ञान गरिएको छ । अर्घाखाँचीबाट समानुपातिक २/२ जना संसद र लुम्बिनी प्रदेशका मुख्यमन्त्री यही जिल्लाका भए पनि उनीहरुको भूमिका यस विषयमा उल्लेखनीय रहेको नपाइएको परिणामले देखाएको छ।

वास्तवमा यहाँका राजनीतिक दल र तीनका नेतृत्वको उदासिनता र केन्द्रमा भनसुन गर्न नसक्ने नेता भएकोले यस्तो अवस्था भएको पाइन्छ । अन्यत्र जिल्लामा साविककै कार्यालयहरु पुनरागमन हुनु र एक मात्र अर्घाखाँची जिल्लालाई सरकारले तिरस्कार गर्नु गम्भीर त्रुटी भएको पाइन्छ । सरकार र सरोकारवाला निकायलाई यसलाई सच्चाई अन्यत्र जिल्ला कार्यालयहरु जस्तै अर्घाखाँचीमा पनि अस्थायी कार्यालय स्थापना गर्न र गराउन सबैमा आग्रह गरौं होइन भने पक्षपाती निर्णयको विरोधमा भोलिदेखि अर्घाखाँचीको कार्यालयमा तालबन्दी गर्ने जनता बाध्य हुनेछन् ।

संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाबाट अर्घाखाँची, गुल्मी र पाल्पाका ३४ हजारभन्दा बढी घरधुरी लाभान्वित भएका छन् । तीन जिल्ला हेर्नेगरी अर्घाखाँचीमा स्थापना भएको संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाबाट तीन जिल्लाका ३४ हजार ५८० घरधुरीले सेवा पाएका छन् । जलवायु अनुकुलित खानेपानी प्रदान गर्ने उद्देश्य अनुरुप तिन जिल्लामा योजना सञ्चालित छन् ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# कारागारमा भएको विभेदबारे छानबिन गर

सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दामा पुर्पक्षका लागि रूपन्देही कारागारमा थुनामा रहेका रास्वपा सभापति रवि लामिछानेलाई कारागार प्रशासनले अतिरिक्त सुविधा दिएको विषयमा छानबिन हुनुपर्छ । कारागार प्रशासनबाट कैदीबन्दीले समान व्यवहार पाउनुपर्ने भए पनि पूर्व गृहमन्त्री लामिछानेलाई अतिरिक्त सुविधा दिनुले कारागारमा विभेद भएको पुष्टि भएको छ ।

रविलाई एट्याच बाथरूमसहितको कोठा, एसी र अरु आधारभूत सुविधा भए पनि उनको कारागार बसाई सहज नभएको प्रचार गराइएको छ । जे-जे सुविधा उनले पाइरहेका छन्, ती सुविधा छैनन् भनेर प्रचार गर्नुको अर्थ राज्यसंयन्त्र रविप्रति अनुदार छ भन्ने सन्देश दिनका लागि हो । राज्य संयन्त्रविरुद्ध माहोल बनाउन रवि र उनका समर्थकले जुन हर्कत गरे, यो उनीप्रति नै आत्मघाती भएको छ । पहिले डा. बाबुराम भट्टराईसहितका नेताहरुले रविलाई अमानवीय व्यवहार भएको सार्वजनिक गरे । त्यसपछि केही पत्रपत्रिकाले अँध्यारो कोठामा कष्टकर दिन गुजारेको समाचार लेखे । खासमा एसीसहितको सुविधामा रवि बसिरहेका थिए । जब एसी सुविधामा बसेको समाचार सार्वजनिक भयो, कारागार प्रशासनले रातारात एसी निकाल्यो । त्यसपछि बल्ल मानवअधिकार आयोगको टोली स्थलगत अध्ययनमा आयो । रविलाई अरु कैदी बन्दीभन्दा फरक सुविधा किन दिइयो ? कुन प्रावधान र नियममा टेकेर उनले यो सुविधा पाए ? कारागार प्रशासन र रूपन्देहीका सिडियोले जवाफ दिनुपर्छ ।

कारागारमा तीन खालका कैदीबन्दी हुन्छन् । एउटा अदालतबाट कैद सजाय पाएका, दोस्रो न्यायिक पुर्पक्षमा परेका र तेस्रो नाबालिक अनाश्रित हुन्छन् । कैदीबन्दीलाई रासन र लत्ताकपडा दिने अनिवार्य दायित्वबाट कारागार प्रशासन पन्छिन पाउँदैन । तर कारागार प्रशासनले चाहेमा अतिरिक्त सुविधा दिनसक्छन् । त्यही अतिरिक्त सुविधा दिनसक्ने भएकाले दिएको हो भन्न किन कारागार प्रशासन सक्तैन् ? रातारात एसी निकालेर राखिन्छ ? एसी निकालेर राख्ने अनि कोठामा हावा भएन् भन्ने सन्देश प्रवाह गर्ने नियोजित योजना हो । राज्य संयन्त्रमा बसेका व्यक्ति नै राज्य संयन्त्रविरुद्ध माहोल बनाउन किन लागिरहेका छन् ? रूपन्देही कारागार प्रमुख सुरेश भण्डारीमाथि छानबिन हुनुपर्छ । राखेको एसी निकालेर राज्य संयन्त्रप्रति प्रश्न उठ्ने वातावरण बनाउन उनले भूमिका खेलेका छन् । उनको यो क्रियाकलाप पदीय जिम्मेवारी र मर्यादाभित्र पर्ने विषय होइन् ।

## सहकारी ठगी र मानव तस्करी :

# सुशासनको खोलभित्र कुशासनको त्रासदी



राजबाबु शंकर

नेपालमा सुशासनको नारा केवल राजनीतिक भाषणमा मात्र सीमित भएको र व्यवहारमा कुशासनले जरो गाडेको यथार्थलाई पुष्टि गर्दछन् । दण्डहीनताको व्यूह तोड्न, अपराधीकरणतर्फ लम्किँदै गरेको राजनीतिलाई निरन्तर खबरदारी गर्न र नागरिकलाई न्याय दिलाउन राज्यका सबै निकायहरूको इमान्दारी र पारदर्शिता मात्र अब विकल्प रहेको छ ।

नेपालमा सहकारी संस्थाहरूको उदय सानातिना बचत र ऋणको कारोबारबाट समुदायको आर्थिक विकासमा टेवा पुऱ्याउने पवित्र उद्देश्यका साथ भएको थियो । यसको मूल मर्म थियो- थोरै-थोरै बचतलाई सङ्कलन गरेर आवश्यक परेका सदस्यहरूलाई ऋण दिने र आत्मनिर्भर बनाउने । दशकौंसम्म सहकारीहरूले ग्रामीण तथा शहरी क्षेत्रमा वित्तीय पहुँच बढाउन महत्वपूर्ण भूमिका खेले पनि । आम जनताले आफ्नो दुःख-सुखको साथी र भविष्यको सहारा ठानेर सहकारीमा विश्वास गरे र आफ्नो बचतलाई त्यहाँ निवेश गरे ।

अब भने सहकारीको त्यो शाख पनि रहेन, भरोसा पनि टुट्यो । पछिल्ला केही वर्षयता यस पवित्र संस्थाको शाखमाथि गम्भीर प्रश्नचिन्ह खडा भएको छ; यसलाई दुरुपयोग गर्नेहरुको हुल बढ्दो छ । भ्रष्ट पदाधिकारी, शेयरहोल्डर र संस्थापकहरूले उच्च ब्याजको लोभ देखाएर बचतकर्ताको निक्षेपलाई जथाभावी जोखिमपूर्ण क्षेत्रमा लगानी गरे; संस्थापक, शेयरहोल्डर र पदाधिकारीहरूले संस्थामा जम्मा भएको रकमको चरम दुरुपयोग गरे । आज धेरैजसो सहकारी संस्थाहरू ठगी गर्ने दलालहरूको चंगुलमा फसेका अखडा जस्ता छन् ।

तथापि, विडम्बना... ठगीमा संलग्न दोषीहरूलाई राजनीतिक संरक्षण दिइएको छ । शक्ति र पहुँचका कारण त्यस्ता दोषीहरु दण्ड-सजायबाट बरी भइरहेका छन् । यसले दण्डहीनतालाई बढावा दिएको छ र कानुन सबैका लागि समान छैन भन्ने स्पष्ट भएको छ ।

खासमा सरकारी नियमनमा नै कमजोरीको परिणति हो- यस्ता ठगीहरु ! सहकारी क्षेत्रको नियमन र अनुगमनमा विभिन्न तह (सङ्घ, प्रदेश, स्थानीय) मा जिम्मेवारी बाँडिएकाले पनि कसले कारबाही गर्ने भन्नेमा अन्योल रहँदै आउनु अर्को कारण हो ।

जहिलेसुकै निष्पक्ष न्यायको अभाव त अनवरत नै छ । जब कुनै नेताको नाम आउँछ, त्यसलाई राजनीतिक प्रतिशोधको रूपमा चित्रण गर्ने प्रवृत्तिले वास्तविक दोषीमाथि कारबाही हुन दिँदैन, दिएको छैन । यसले न्याय प्रणालीप्रतिको जनविश्वास धूलिसात बनाउँदै लगेको छ । अर्का तर्फ, पीडितहरूले आन्दोलन गरे पनि, समग्रमा पर्याप्त र एकीकृत जनदबाबको अभावले सरकारलाई दोषीमाथि कारबाही गर्नबाट पन्छिन सहज भइरहेको छ ।

केही वर्षयता सहकारीका लगानी असफल भए, हजारौं बचतकर्ताहरू सडकमा आउन विवश भए । आफ्नो जीवनभरिको कमाइ गुमाएका उनीहरूले लामो समयदेखि न्यायका लागि गुहार मागिरहेका छन् । सहकारी ठगीको यो त्रासदीपूर्ण कथाले वित्तीय मात्र होइन, सामाजिक र मानसिक सङ्कट पनि निम्त्याएको छ, जसका कारण कतिपय पीडितले देहत्याग समेत गरिसकेका छन् ।

सबैभन्दा चिन्ताको विषय त यो छ कि, यत्रो ठगी र अपराध हुँदा पनि धेरै र अकुत अपचलन गर्ने दोषीहरू दण्ड-सजाय पाउनुबाट जोगाइएका छन् । ठगीमा संलग्न व्यक्तिहरू राजनीतिक संरक्षण र शक्तिको आडमा खुलेआम छन् । सरकार र त्यस मातहतका निकायहरूले पनि यस्तो सरेआम ठगीको विषयमा कडा कदम चाल्न नसक्नुमा तिनका आफ्नै आफन्त र दलका मान्छेहरू त्यस्तो ठगीमा सामेल हुनु हो भन्ने स्पष्ट देखिन्छ । यसले गर्दा कानुन सबैका लागि समान छैन भन्ने प्रष्ट भएको छ । यस्तो दण्डहीनताले कानूनी राज्यलाई चुनौति त दिएकै छ, यसले सरकारमा रहेका दलका नेतागणको दुष्कर्म पनि उजागर गरेको छ ।

अपराधीहरूलाई राजनीतिक संरक्षण छ । ठगी र अपराधमा संलग्न धेरैजसो व्यक्तिहरूको कुनै न कुनै ठूला राजनीतिक दलसँग प्रत्यक्ष वा परोक्ष सम्बन्ध रहेको देखिन्छ । उनीहरूले आफ्नो राजनीतिक पहुँच र शक्तिको प्रयोग गरेर अनुसन्धान प्रक्रियालाई प्रभावित पार्ने र कारबाहीबाट जोगिने गरेको पाइएको पनि छर्लङ्गै छ । तर, जब कुनै ठगी प्रकरणमा नेताको नाम आउँछ, तब त्यसलाई 'आफ्नो दल'को नभए राजनीतिक प्रतिशोध साँध्ने प्रवृत्ति छ । जसले गर्दा वास्तविक दोषी दण्डभागी भइरहेका छैनन् ।

सुशासनको अभाव केवल सहकारी ठगीमा मात्र सीमित छैन । नेपालमा मानव बेचबिखनको समस्याले पनि राज्य संयन्त्रको गैरजिम्मेवारीपन र कुशासनको जरोलाई उजागर गर्दछ । जसमा बहुदलीय प्रणाली आएपछि राजनीतिक नेतृत्वले लगाम नलगाउनु, बरु पार्टीगत संरक्षण गर्नुले यस्तो ठगी र अपराधलाई अझ संस्थागत बनायो । श्रम आप्रवासनलाई वैधानिक बनाएर म्यानपावर कम्पनीहरूलाई निजी क्षेत्रको साझेदारका रूपमा स्थापित गरियो, तर त्यही व्यवस्था दुरुपयोग गर्दै मानव तस्करीको माध्यम बन्न पुगेको छ ।

वैदेशिक रोजगारीका नाममा श्रमिक बेच्ने, तिनलाई यौन वा जबर्जस्ती श्रममा लगाउने क्रम संस्थागत बन्दै गएको छ । यसको मुख्य कारण हो- वैदेशिक रोजगार ऐन र मानव बेचबिखन नियन्त्रण ऐन, नियम तथा कानुनहरू कमजोर हुनु र विद्यमान ऐन-कानुनहरु निष्प्रभावी बनाउन नेता, सरकार र राज्य संयन्त्रले नै खलनायकीय भूमिका निर्वहन गर्नु । अर्थात्, श्रम, गृह र परराष्ट्र मन्त्रालयका नेतृत्व तथा तिनका मातहतका निकायहरू ठग र मानव तस्करहरूको मतियार बन्नु । राजनीतिक नेतृत्व स्वयम् नागरिक बेचेर लाभ लिने अवसरवादी बनेको पाइन्छ ।

नेपालमा सुशासनको नारा केवल राजनीतिक भाषणमा मात्र सीमित भएको र व्यवहारमा कुशासनले जरो गाडेको यथार्थलाई पुष्टि गर्दछन् । दण्डहीनताको व्यूह तोड्न, अपराधीकरणतर्फ लम्किँदै गरेको राजनीतिलाई निरन्तर खबरदारी गर्न र नागरिकलाई न्याय दिलाउन राज्यका सबै निकायहरूको इमान्दारी र पारदर्शिता मात्र अब विकल्प रहेको छ ।

घटना र विचारबाट

# थाइराइड रोग के हो ? यसका कारण, लक्षण र बच्ने उपायहरू

पुस्कर राज जोशी

आजको समयमा हामी सबै स्वस्थ रहन चाहन्छौं । तर व्यस्त जीवनशैली, अव्यवस्थित खानपान, शारीरिक व्यायामको कमी जस्ता विभिन्न कारणले हामी बिरामी भइरहन्छौं ।

कुनै न कुनै रोगले हाम्रो जीवनलाई असर गर्छ र हामी चिन्तित भइरहन्छौं । यसका अलावा हाम्रो शरीरको ग्रन्थीसँग सम्बन्धित केही रोगहरू छन् । यीमध्ये एउटा थाइरोइड रोग हो, जुन हाम्रो थाइरोइड ग्रन्थीसँग सम्बन्धित छ । यससँग सम्बन्धित रोगलाई थाइराइड रोग भनिन्छ ।

थाइराइड घाँटीमा पाइने पुतलीको आकारको ग्रंथी हो । यो श्वासनली माथि हुन्छ ।

यो मानव शरीरमा पाइने सबैभन्दा ठूलो एक्सोक्राइन ग्रन्थीहरू मध्ये एक हो ।

यस थाइरोइड ग्रन्थीमा गडबडीका कारण थाइराइड सम्बन्धित रोगहरू देखा पर्छन् । थाइराइड ग्रन्थीले थाइरिसिन नामक हर्मोन उत्पादन गर्छ ।

यो हर्मोनले हाम्रो शरीरको मेटाबोलिजम बढाउँछ र शरीरका कोशिकाहरूलाई नियन्त्रण गर्ने काम गर्छ । थाइराइड हर्मोनले हाम्रो शरीरमा हुने सबै प्रक्रियाको गतिलाई नियन्त्रण गर्छ । थाइरोइड ग्रन्थीले पनि शरीरको मेटाबोलिक प्रक्रियामा महत्त्वपूर्ण भूमिका खेल्छ ।

**थाइरोइड हर्मोनले के गर्छ ?**

**थाइरोइड हर्मोनको कार्यहरू निम्न छन् :**

- थाइरोक्सिन हर्मोनले हाम्रो शरीरमा बोसो, प्रोटिन र कार्बोहाइड्रेटको मेटाबोलिज्म नियन्त्रण गर्छ ।
- यसले रगतमा चिनी, कोलेस्ट्रोल र फस्फोलिपिड्सको मात्रा कम गर्छ ।
- यसले हड्डी, मांसपेशी, यौन र मानसिक वृद्धिलाई नियन्त्रण गर्छ ।
- मुटुको चाल र रक्तचाप नियन्त्रण गर्छ ।

**थाइराइड रोग कति प्रकारका हुन्छन् ?**

थाइराइड ग्रन्थीसँग सम्बन्धित रोग दुई प्रकारका हुन्छन् ।

- थाइरोइड ग्रंथीको अति सक्रियता हाइपर थाइराइडिज्म अवस्थामा थाइराइड हर्मोन बढी मात्रामा उत्पादन हुन्छ ।
- थाइरोइड ग्रन्थीको निष्क्रियता हाइपो थाइराइडिज्ममा थाइराइड हर्मोन कम मात्रामा उत्पादन हुन्छ ।

**थाइरोइड ग्रन्थीको अति सक्रियता**

जब थाइरोइड ग्रन्थी हाइपरएक्टिभ हुन्छ, टि ३ र टि४ हर्मोन धेरै उत्पादन हुन थाल्छ ।

जब यी हर्मोनहरू ठूलो मात्रामा उत्पादन हुन थाल्छन्, शरीरले पनि ठूलो मात्रामा ऊर्जा प्रयोग गर्न थाल्छ । यसलाई हाइपर थाइराइडिज्म भनिन्छ । यो समस्या पुरुषको तुलनामा महिलामा बढी देखिन्छ ।

**थाइरोइड ग्रंथीको अति सक्रियताका लक्षणहरू के हुन् ?**

थाइराइड ग्रन्थीको हाइपरएक्टिभिटीका कारण शरीरमा मेटाबोलिज्म बढ्छ । जसका निम्न लक्षणहरू देखिन्छन्

- तौल घट्नु
- मूड स्विङ्स
- सास फेर्न गाह्रो हुनु
- तातो महसुस हुनु
- निद्रा नपर्नु
- चिन्तित र व्यथित हुन
- मुटुको धड्कन बढेको अनुभव हुनु
- तिर्खा लाग्नु
- आँखामा रातोपन र सुख्खापन आउनु
- कपाल झर्नु र पातलो हुनु
- मांसपेशी कमजोरी र दुखाइ
- अत्यधिक भोक लाग्नु
- महिनाबारी अनियमितता हुनु

**थाइरोइड ग्रन्थीको निष्क्रियता**

- थाइरोइडको कम सक्रियताका कारण हाइपोथाइराइडिज्म हुन्छ । हाइपो थाइराइडिज्ममा थाइराइड हर्मोन कम मात्रामा उत्पादन हुन्छ ।

जसका लक्षणहरु यस प्रकार छन् ।

- तौल वृद्धि
- थकान महसुस हुनु
- मुटुको धड्कन सुस्त हुनु ।
- सधैं थकान महसुस हुनु
- कपाल झर्नु
- धेरै चिसो महसुस हुनु
- मनमा कुरा खेल्नु
- मानसिक तनाव हुनु
- मांसपेशी कठोरता हुनु
- नङ र कपाल कमजोर हुनु
- सुक्खा र कमजोर छाला
- चिसो प्रति अधिक संवेदनशील
- थोरै पसिना
- छालामा सुख्खापन र चिलाउने
- जोर्नी दुखाइ र मांसपेशी कठोरता
- अत्यधिक कपाल झर्नु
- कब्जियत भएको
- सुन्निएको आँखा
- बारम्बार बिर्सनु
- महिनावारि अनियमितता हुनु
- कोलेस्ट्रोलको मात्रा बढ्नु आदि ।

**थाइराइडबाट बच्ने उपायहरु के के छन् ?**

निम्न उपाय अपनाएर थाइराइडबाट बच्न सकिन्छ ।

- दैनिक योग गर्नुहोस्
- कसरत वा शारीरिक परिश्रम
- स्याउ खानुहोस्
- राति सुत्नुअघि दूधमा बेसार मिसाएर पिउनुहोस् ।
- दिनमा केही समय घाममा बस्नुहोस्
- नरिवलको तेलबाट बनेको खाना खाने
- पर्याप्त सुत्ने
- आफ्नो आहारमा धेरै फलफूल र तरकारीहरू समावेश गर्नुहोस्
- हरियो साग खाने
- दालचीनी खाने
- च्याउ खाने
- धनिया खाने
- त्रिफला धुलो
- टमाटर
- पोषक तत्व युक्त खाना खानुहोस्
- ७-८ घण्टा सुत्नुहोस्
- सिगरेट र मदिरा सेवन बन्द गर्नुहोस्

यी सबै बाहेक, यदि तपाइँ आफैंमा थाइराइड लक्षणहरू अनुभव गर्नुहुन्छ वा तपाइँलाई थाइरोइड भएको शंका छ भने तुरुन्तै डाक्टरसँग परामर्श गर्नुहोला ।

- थाइराइडमा के नखाने ?

- धुम्रपान नगर्ने, मदिरा सेवन नगर्ने
- चिनी, तेलयुक्त खानेकुराको सेवन नगर्नुहोस्
- मसालेदार खानाबाट बच्नुहोस्
- मैदाबाट बनेको चीजहरू नखानुहोस्
- सेतो चामल सेवन नगर्ने
- केक सेवन नगर्ने
- नरम पेयहरू सेवन नगर्ने
- क्रीम र मिठाइ सेवन नगर्ने
- चामल र सेतो नुन
- चिया र कफीको सेवन कम गर्नुहोस्

**थाइरोइडको उपचार के हो ?**

थाइरोइडसँग सम्बन्धित रोगहरू मुख्यतया अस्वस्थ खानपान र तनावपूर्ण जीवनका कारण हुन्छन् ।

यस्तो अवस्थामा सबैभन्दा पहिले आफ्नो खानपानमा ध्यान दिनुहोस् र तनावबाट बच्नुहोला ।

साथै, थाइरोइडको उपचारका लागि डाक्टरसँग सम्पर्क गर्नुपर्छ । चिकित्सकले केही स्वास्थ्य परीक्षण पछि यो रोगसँग लड्नका लागि औषधिहरू लेख्छन् । जसका कारण केही दिनमै तपाईंलाई राम्रो महसुस हुनेछ ।

थाइरोइडको उपचार दीर्घकालीन हुन सक्छ, त्यसैले डाक्टरसँग नियमित परामर्श र आफ्नो स्वास्थ्यको निगरानी गर्न महत्वपूर्ण हुन्छ ।

स्वास्थ्य खबरबाट

# सेयर बजार २६.२२ अंकले घट्यो



काठमाडौं । साताको कारोबारको दिन मंगलबार पनि सेयर बजार घटेको छ । बजार परिसूचक २६.२२ अंकले घटेर २८०० को मनोवैज्ञानिक विन्दुभन्दा तल छरेको हो । योसँगै २७९६.२४ अंकमा बन्द भएको छ ।

बजारमा कुल ६ अर्ब ९१ करोड ८९ लाखको कारोबार भएको छ । कारोबारमा आएका कुल कम्पनीहरूमध्ये जम्मा २४ वटाको मात्र मूल्य बढेको छ । २२५ वटा कम्पनीको मूल्यमा गिरावट आएको छ । १ कम्पनीको मूल्य भने स्थिर रह्यो ।

उता समूहगत सूचकतर्फ होटल तथा पर्यटन बाहेक सबै क्षेत्र नकारात्मक रहेका छन् । यद्यपि कुनै पनि समूहका सूचकमा २ प्रतिशतभन्दा धेरैको घटबढ छैन ।

बजार घटे पनि सिटी होटलका लगानीकर्ताले सबैभन्दा धेरै कमाएका छन् । कम्पनीको सेयर मूल्य ९.९९ प्रतिशतले बढेको हो । सिक्लेस हाइड्रोपावरका लगानीकर्ताले ९.९९ प्रतिशत गुमाएका छन् ।

कारोबार रकमको आधारमा नेपाल पुनर्बिमा कम्पनी अग्रस्थानमा रह्यो । सो कम्पनीको २६ करोड ७७ लाख रुपैयाँभन्दा बढीको कारोबार भएको नेप्सेले जनाएको छ । त्यसपछि क्रमशः हिमालयन रिइन्स्योरेन्स र लक्ष्मी लघुवित्त तथा शिवम् सिमेन्टको पनि २० करोड माथिको कारोबार भएको छ ।

# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.

## Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (१९ जिल्ला कार्य क्षेत्र भएको)

केन्द्रीय कार्यालय: बुटवल-१०, कालिकानगर, रुपन्देही, फोन नं. ०७१-४३८१७१ (email : info@jucbank.com.np)

## Unaudited Financial Report (Quarterly)

### As on Fourth Quarter for the Fiscal Year 2081/082 (32/03/2082)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **2,397,876.73** | **2,323,432.85** | **2,274,558.92** |
| 1.1 | Paid-up Capital | 170,091.90 | 170,091.90 | 170,091.90 |
| 1.2 | Reserves and Surplus | 98,942.28 | 76,466.23 | 89,132.28 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 1,096,814.97 | 1,080,974.93 | 1,075,993.08 |
| 1.5 | Deposits (a+b) | **954,783.50** | **928,307.85** | **870,652.89** |
| | a. Domestic Currency | 954,783.50 | 928,307.85 | 870,652.89 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | 6,278.77 | | 3,355.42 |
| 1.7 | Other Liabilities | 70,965.30 | 67,591.94 | 65,333.35 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **2,397,876.73** | **2,323,432.85** | **2,274,558.92** |
| 2.1 | Cash & Bank Balance | 12,082.39 | 12,194.21 | 11,818.64 |
| 2.2 | Money at call and short Notice | 213,474.77 | 131,719.71 | 101,994.29 |
| 2.3 | Investments | 44,507.13 | 19,607.13 | |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **2,083,467.73** | **2,118,210.74** | **2,069,137.57** |
| | a. Real Estate Loan | - | - | - |
| | 1. Residential Real Estate Loan (Except Persona | - | - | - |
| | 2. Business Complex & Residential Apartment C | - | - | - |
| | 3. Income generating Commercial Complex Loa | - | - | - |
| | 4. Other Real Estate Loan (Including Land Purch | - | - | - |
| | b. Personal Home Loan of Rs. 10 million or less | - | - | - |
| | c. Margin Type Loan | - | - | - |
| | d. Term Loan | - | - | - |
| | e. Overdraft Loan / TR Loan / WC Loan | - | - | - |
| | f. Others | 2,083,467.73 | 2,118,210.74 | 2,069,137.57 |
| 2.5 | Fixed Assets | 7,407.68 | 8,846.94 | 8,213.89 |
| 2.6 | Non Banking Assets | | | |
| 2.6 | Other Assets | 36,937.02 | 32,854.12 | 83,394.53 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 308,327.59 | 203,968.96 | 295,282.25 |
| 3.2 | Interest Expense | 160,301.53 | 122,744.85 | 200,873.70 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **148,026.06** | **81,224.11** | **94,408.55** |
| 3.3 | Fees Commission and Discount | | - | - |
| 3.4 | Other Operating Income | 23,933.98 | 16,570.79 | 26,948.32 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **171,960.04** | **97,794.90** | **121,356.87** |
| 3.6 | Staff Expenses | 76,982.26 | 54,461.05 | 81,201.23 |
| 3.7 | Other Operating Expenses | 30,469.23 | 19,434.84 | 31,814.04 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **64,508.55** | **23,899.01** | **8,341.60** |
| 3.8 | Provision for Possible Loss | 53,850.29 | 42,233.90 | 32,640.34 |
| **D** | **Operating profit (C-3.8)** | **10,658.26** | **(18,334.89)** | **(24,298.74)** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 12,908.02 | 9,740.72 | 40,652.61 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **23,566.28** | **(8,594.17)** | **16,353.87** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **23,566.28** | **(8,594.17)** | **16,353.87** |
| 3.12 | Provision For Staff Bonus | 2,637.04 | - | 850.16 |
| 3.13 | Provision For Tax | 6,278.77 | - | 3,355.42 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **14,650.47** | **(8,594.17)** | **12,148.29** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 10.55% | 9.41% | 10.99% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 6.16% | 6.52% | 6.65% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 92.35% | 80.35% | 60.86% |
| 4.4 | Cost of Funds | 7.20% | 8.16% | 9.89% |
| 4.5 | Credit to Deposit & Borrowing Ratio | 107.68% | 111.25% | 106.29% |
| 4.6 | Base Rate | 12.78% | 13.32% | 14.97% |
| 4.7 | Interest Rate Spread | 7.05% | 6.81% | 4.95% |

Note: Above Financial figures are Subject to Change if instructed by Statutory Audit and regularity authority.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली , २०७३ को अनुसुची १४ को नियम २६ को उपनियम (१) संग सम्बन्धित

## आ.व. २०८१/०८२ को चौथो त्रैमासिक प्रतिवेदन

**१.वित्तीय विवरण :**

**क. त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्वन्धी विवरण:-** यस वित्तीय संस्थाको आ. व. २०८१/०८२ को चौथो त्रैमासको वासलात, नाफा/नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ। जसलाई वित्तीय संस्थाको वेबसाईट (www.jucbank.com.np)मा पनि राखिएको छ।

**ख.प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी (वार्षिकीकरण) | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ८.६१ | १३२.१६ | १४५.१० | १,४०९.७५ | ११.५६५ |

**२.ब्यवस्थापकीय विश्लेषण:**

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण :**

चालु आर्थिक वर्षको चौथो त्रैमासिक अवधिमा संस्थाको कर्जा विस्तार न्यून रहेको छ। वित्तीय क्षेत्रमा फैलाईएको नकारात्मक तथा भ्रामक सन्देशको कारणले समग्र देशकै बैकिङ्ग तथा लघुवित्त सेवा प्रभावित भएको छ। ऋणी सदस्य संख्या, सदस्यहरुबाट प्राप्त हुने बचत, कर्जा लगानी तथा कोष लागतमा भएको परिवर्तनले संस्थाको कारोबार, मौज्दात र आम्दानीमा परिवर्तन देखिएको छ। अघिल्लो आ.व.को तुलनामा यस आ.व.मा संस्थाको नाफावृद्धि भएको छ। व्यवस्थापनले लघुवित्त क्षेत्रमा देखिएको बाह्य जोखिम, कर्जा जोखिम, तथा तरलता जोखिमलाई उच्च प्राथमिकता साथ विश्लेषण गर्दै वित्तीय कारोवारहरु संचालन गदै आएको छ। आगामी दिनमा कर्जाको साँवा तथा ब्याज नियमित असुली हुने, निक्षेप परिचालनमा बृद्धि हुने तथा वित्तीय क्षेत्रमा देखिएको बाह्य समस्यामा क्रमश सुधार भई संस्थाको मौज्दात, आम्दानी र तरलता सन्तोषजनक रहने ब्यवस्थापनको अनुमान रहेको छ।

**(ख) आगामी अवधीको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक विवरण :**

वित्तीय संस्थाले आफ्नो ब्यवसायलाई प्रर्वद्धन गर्ने क्रममा संस्थाको कार्यक्षेत्र भित्र पर्ने १९ वटा जिल्लामा ३९ वटा शाखा कार्यालयहरु स्थापना गरी वित्तीय पहुँचबाट वञ्चित समुदायहरुलाई बचत, कर्जा, विप्रेषण, बीमा तथा सामाजिक उत्तरदायित्वसँग सम्बन्धित विभिन्न सेवाहरु उपलब्ध गराउदै आइरहेको छ। संस्थाले ग्राहकको चाहना र आवश्यकतामा आधारित रही विभिन्न प्रकारका योजना सहितको सेवाहरु समय सापेक्ष थप परिमार्जन गर्दै जाने रणनीति लिएको छ। वित्तीय संस्थामा आवद्ध सदस्यहरुको आय आम्दानीमा बृद्धि गरि आर्थिक रुपले सक्षम र सवल बनाउनको लागि विभिन्न खालका सीप तथा उद्यमशिलता सम्वन्धी तालिमहरु तथा वित्तीय साक्षरता संम्वन्धी कार्यक्रमहरु योजनाबद्ध रुपले प्रदान गरिएको छ। वित्तीय संस्थामा आवद्ध समुह सदस्यहरुले गर्ने दैनिक कारोवारहरुको जानकारी मोवाईलबाट नै प्रदान गर्ने मूख्य उद्देश्यले एस.एम.एस बैङिङ्क सेवा सूचारु गरिएको छ। सदस्यहरुले आफ्नो किस्ता ईसेवा, खल्ती वालेट र कनेक्ट आई.पि.एस् मार्फत आफै भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ। वित्तीय संस्थालाई प्रविधीमैत्री बनाउने मूख्य उद्देश्य तथा दैनिक कार्यहरुलाई सरल, पारदर्शि र छिटो छरितो सेवा प्रदान गर्न संस्थाका सम्पूर्ण ३९ वटै शाखा कार्यालयहरु मार्फत ट्याब्लेट बैकिङ्ग प्रणालीको शुभारम्भ गरि कार्यान्वयन गरिसकिएको अवस्थामा अझ यसलाई ब्यवस्थित तथा प्रभावकारी बनाउदै लगिने कार्ययोजना सहित देहायका विषयहरुलाई प्राथमिकतामा राखि कार्य गर्ने व्यवसायिक योजना रहेको छ। निक्षेप बृद्धिका लागी आर्कषक निक्षेप योजना लागु गरिने छ। बास्तविक समस्यामा परेका सदस्यलाई ब्याज छुट गर्ने र व्यवसाय पुनरउत्थानका लागी क्षमता अभिबृद्धि तालिम तथा वित्तीय परामर्श दिदै जाने योजना रहेको छ। ग्राहकको विश्वसनियता र पारदर्शितालाई ध्यानमा राखि नविनतम प्रविधिहरुको प्रयोग गरि वित्तीय सेवाहरुलाई ग्राहकमुखि बनाउदै लगिनेछ।

**(ग)संगठीत संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्नसक्ने घटना, अवस्था आदि भएमा सो सम्वन्धि विश्लेषणात्मक विवरण :**

लघुवित्त विरुद्धको आन्दोलन, स्रोतको परनिर्भरता र अपर्याप्तता, लघुवित्त संस्थाहरुमा देखिएको कर्जाको दोहोरोपना, अस्वस्थ प्रतिस्पर्धा आदि जस्ता समस्याले गर्दा संस्थाको आम्दानीमा असर परेको छ। भविष्यमा यस्ता किसिमका नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति, नियम र कार्यविधिहरुको तर्जुमा गरि अगाडी बढ्ने नीति यस संस्थाले लिएको छ।

**३.कानुनी कारवाही सम्बन्धि विवरण :**

(क) यस त्रैमासमा संस्था विरुद्ध कुनै मुद्धा दायर भएको छैन तर संस्थाले जिल्ला प्रहरी कार्यालय बर्दियामा कर्मचारीद्वारा भएको आर्थिक अपचलन असुल उपरका लागि श्री प्रेम बहादुर थारु र श्री बेद राज उपाध्याय बिरुद्ध बैंकिङ्ग कसुरसंग सम्बन्धित उजुरी दायर गरेको छ।

(ख) संस्थाको संस्थापक वा संचालकले संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धिमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको छैन।

**४.संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

(क) यस संस्थाको शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सुचीकृत भई कारोवार भईरहेको छ। शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ। प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्बन्धित निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ।

(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेभसाइट www.nepalstock.com का अनुसार त्रैमास अवधिको शेयर सम्बन्धी विवरण निम्न अनुसारको रहेको छ :

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार दिन | कारोबार संख्या | कारोबार शेयर संख्या |
|---|---|---|---|---|---|
| १,५०४ | १,२१६ | १,३८४ | ६३ | १,४७१ | ८०,३८१ |

**५.समस्या तथा चुनौतिहरु :**

- ❖ दक्ष जनशक्तिको अभाव र पलायन।
- ❖ कर्जा नोक्सानीको कारण नाफामा संकुचन।
- ❖ लघुवित्त क्षेत्रमा देखिएको उतार चढाव तथा विषम परिस्थीतिले सृजना गरेको किस्ता नतिर्ने सदस्यहरुको प्रवृति।
- ❖ सदस्यहरुद्धारा उत्पादित बस्तु तथा सेवाको अव्यवस्थित बजार व्यवस्थापन।
- ❖ नियमनकारी निकायबाट फेरबदल हुन सक्ने नीति नियमहरु।
- ❖ आर्थिक मन्दीको कारण ग्राहकको कृषि, ब्यापार, ब्यवसाय र रोजगारीमा परेको प्रत्यक्ष प्रभाव।
- ❖ समूह दायित्व वहनमा आएको समस्या
- ❖ कर्जा सदुपयोगितामा ह्रास।
- ❖ विभिन्न सययमा लघुवित्त विरुद्ध हुने सडक आन्दोलन
- ❖ हुल हुज्जत, लघुवित्त विरुद्धको कुप्रचार तथा नकारात्मक टिका टिप्पणीका कारण सदस्यहरुमा सिर्जना भएको अन्यौलताू

**६.संस्थागत सुशासन :**

संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र सम्बन्धी ऐन २०६३, आयकर ऐन २०५८ तथा श्रम ऐन, २०७४ पालना गर्दै आएको छ। संस्थाको विद्यमान नियम, विनियम, नीति, निर्देशिका र कार्यविधिलाई अनुसरण गर्दै वित्तीय कारोवारहरु सञ्चालन हुदै आईरहेको छ। आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त र प्रभावकारी बनाउन सञ्चालक समिति तथा ब्यवस्थापकिय तहमा विभिन्न समितिहरु गठन गरी विभिन्न समयमा अध्ययन, विश्लेषण, पुनरावलोकन र कार्ययोजना बनाई कार्य गर्दै आईरहेको छ। आगामी दिनहरुमा नेपाल राष्ट्र बैंकबाट एकिकृत निर्देशिका बमोजिम NFRS ढाँचामा वित्तीय विवरण तयार गरिने छ।

**७.सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोष :**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धताका सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गर्ने तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

# स्याङ्जाको चापाकोटमा डीप ट्यूबेलबाट खानेपानी र सिँचाइ

स्याङ्जा। स्याङ्जाको चापाकोट नगरपालिका-१० बोटेटारमा डीप ट्युबेलबाट खानेपानी र सिँचाइको व्यवस्था गरिएको छ। आर्थिक वर्ष २०८१/०८२ को बजेटबाट भूमिगत जलश्रोत तथा सिँचाइ कार्यालय नवलपुरको अगुवाईमा डीप ट्युबेलबाट खानेपानी र सिँचाइको व्यवस्था गरिएको हो।

बोटेटारका स्थानीय र जनज्योति माध्यमिक विद्यालयका विद्यार्थीलाई लक्षित गरी ट्युबेलबाट खानेपानीको सुविधा उपलब्ध गराइएको हो। डीप ट्युबेल मार्फत निस्केको पानीबाट एक दर्जन स्थानीय घरपरिवार र विद्यालयका करिब चार सय विद्यार्थी लाभान्वित हुनेछन्।

झण्डै ३७ लाखको लागतमा एक सय ३८ मिटर गहिराइ (जमिन मुनि) बाट डीप ट्युबेलमार्फत् पानी निकालिएको छ। प्रतिसेकेन्ड तीन लिटर पानी आउने डीप ट्युबेलबाट विद्यालय र स्थानीयलाई खानेपानी सहज हुने कार्यालयका वरिष्ठ सब-इन्जिनियर मुकेश वि.क.ले बताए। खानेपानीको उपभोगपछि बचत हुने पानीबाट सिँचाइमा समेत प्रयोग गर्न सकिने उनले सुनाए।

डीप ट्युबेलबाट निकालिएको पानीमा धमिलोपना, केमिकल जन्य पदार्थको परिक्षण, दिशाजन्य पदार्थ छ की छैन् र पानीमा कोलोरिनको मात्रा कति छ भनेर प्रयोगशालामा परिक्षणपछि पानीलाई उपभोगमा ल्याउन वि.क.ले सुझाए। ट्युबेल पानीमा फिकल कोलिफर्म देखिन सक्ने भएकाले पानी उमालेर मात्र प्रयोग गर्नुपर्ने जानकार बताउँछन्।

तीन वर्षदेखिको प्रयासपछि बोटेटारमा डीप ट्युबेलबाट पानी आएको छ। विद्यालय र आसपासका स्थानीयले लामो समयदेखि खानेपानीको समस्या झेल्दै आएका थिए। पुरानो खानेपानी योजनामा पानीको मुल अभाब भएपछि बोटेटारमा खानेपानीको समस्या बढेको स्थानीय बताउँछन्।

डीप ट्युबेलबाट पानी निस्केको छ, पानीको उपभोगमा ध्यान पुऱ्याउँदै पानीलाई बहुउपयोग क्षेत्रमा प्रयोग गरिने विद्यालयका प्रधानाध्यापक गुरुप्रसाद पंगेनीले बताए। 'ट्युबेलबाट निस्केको पानी विद्यालयका विद्यार्थी र स्थानीयलाई पिउन दिन्छौं,' उनले भने-'उपभोगपछि (खेर जाने) बचेको पानीबाट विद्यार्थीलाई पढ्दै, कमाउँदै भन्ने अभियान सञ्चालन गरेर सिँचाइमा उपयोग गर्छौं।'

ट्युबेलबाट पानी आएपछि स्थानीयसँगै खुसी भएका प्रधानाध्यापक पंगेनीले विद्यालयको स्मामित्वमा रहेको जग्गामा मौसमी तथा बेमौसमी खेती गर्न विद्यार्थी प्रशिक्षण दिने बताए। पानीको सदुपयोग गरेर विद्यार्थीलाई नर्सरी व्यवस्थापन, तरकारी, फलफूल खेतीमा आबद्ध बनाएर पढ्दै, कमाउँदै अभियानमा लगाउने उनले जनाए।

गण्डकी प्रदेश सरकार स्थापनासँगै बनेको उक्त कार्यालयले स्याङ्जाको चापाकोटमा भूमिगत जलश्रोतको व्यवस्थापन गर्दै आएको थियो। कार्यालयले पछिल्लो ७ वर्षमा चापाकोट नगरपालिका-९ को पाकरीमा एक वर्षअघि डीप बोरिङ्बाट पानी उत्खनन् गरेर परिक्षण गर्न सफल गरेको थियो। परिक्षण भएको उक्त योजना हालसम्म स्थायी रुपमा संचालन हुन सकेको छैन।

**खानेपानी...**

आयोजनाका अर्घाखाँचीमा ४४ वटा योजना, गुल्मीमा ४५ वटा योजना र पाल्पामा ३४ वटा गरी १२३ वटा योजनामा काम भइरहेको छ। ३४ हजारबढी घरधुरीका एकलाख ६० हजार २६८ जनसंख्याले स्वच्छ खानेपानी पाउने छन्। एक हजारभन्दा कम जनसंख्या भएका आयोजनाहरू प्रदेशले हेर्ने र ठूला आयोजना संघीय कार्यालयमार्फत् सञ्चालन हुँदै आएको छ। त्यसैअनुसार अर्घाखाँचीमा संघीय कार्यालय स्थापना भएको थियो। तर अहिले कार्यालय बुटवल सारिने भएपछि जिल्लामा सञ्चालनमा रहेका बहुवर्षीय योजनाहरू प्रभावित हुने, समन्वयमा कठिनाइ हुने र प्रगतिको गति सुस्त हुनेमा स्थानीयले चिन्ता व्यक्त गरेका छन्। मूल कार्यालय बुटवल गए पनि फिल्ड कार्यालय भने सन्धिखर्कमै रहने कार्यालयले जनाएको छ।

सोमबार जिल्लास्थित राजनीतिक दलले पुनः ज्ञापन पत्र बुझाएको छ। नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय जनमोर्चालगायतका दलले संयुक्त रुपमा ज्ञापन पत्र बुझाएका हुन्।

## काठ र दाउराको बोलपत्रद्वारा हुने लिलाम बिक्रीको सूचना सच्याईएको बारे

सूचना प्रकाशन मिति २०८२/०४/२८

बक्डरिया सामुदायिक वन उपभोक्ता समूह, बुद्धभुमि न.पा. २, कपिलवस्तुबाट यस राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२।०४।१८ गते प्रकाशित काठ दाउरा लिलाम बिक्री सम्बन्धी सुचनामा लिलाम बिक्री गरिने परिमाण विभिन्न जातका गोलिया थान २५१३ को ४८०६.५१ क्यू.फि. काठ र ६.७५ चट्टा दाउरा हुनुपर्नेमा त्रुटि भई अन्यथा भएकोले यसै सुचनाबाट लिलाम बिक्रीको परिमाण सच्याईएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**श्री बक्डरिया सामुदायिक वन उपभोक्ता समूह,**
**बुद्धभुमि न.पा -२, कपिलवस्तु**

## श्री ओम सतिया आधारभूत विद्यालय

**ओमसतिया गाउपालिका वडा नं. ५, रुपन्देही लुम्बिनी प्रदेश**

## शिक्षक आवश्यकता

मितिः २०८२/०४/२८

यस श्री ओम सतिया आधारभूत विद्यालय ओम सतिया गा. पा. ५. गौरी, रुपन्देहीमा तपशिलका पदहरुमा संघिय र ओम सतिया गाँउपालिकाबाट सेवा सुविधा प्राप्त गर्ने गरी प्रा.वि. सट्टा शिक्षक र बाल विकास कोटा आवश्यक परेकोले योग्य नेपाली नागरिकबाट आवश्यक कागजात सहित दरखास्त आहवान गरिन्छ।

| | |
|---|---|
| ♦ **विज्ञापन** :- ०१।८२।८३<br>♦ **संख्याः** १ जना ♦ **पदः** बाल विकास<br>♦ **शैक्षिक योग्यता** :- एस.इ.इ वा सो सरह<br>♦ **उमेर** :- १८ वर्ष पूरा भई ४० ननाघेको<br>♦ **तलब** :- ओम सतिया गा.पा ले तोके बमोजिम<br>♦ **दरखास्त दिने अन्तिम मिति** :- २०८२/०५/१०<br>♦ **सम्पर्क मिति** २०८२/०५/११<br>♦ **परीक्षाको किसिम** : लिखित, अन्तवार्ता र कक्षा अवलोकन<br>♦ **परीक्षा दस्तुर** :- १००० (एक हजार )<br>♦ **आवश्यक कागजातहरु** :-<br>♦ हस्तलिखित निवेदन प्रति फोटो सहित<br>♦ नेपाली नागरिकताको प्रतिलिपी २ प्रति<br>♦ शैक्षिक योग्यताको प्रमाण पत्रहरु प्रतिलिपी २ प्रति | ♦ **विज्ञापन** :०२/०८२/८३<br>♦ **संख्याः**१ जना ♦ **पदः**सट्टा शिक्षक (करार)<br>♦ **तहः** प्रा.वि. ♦ **किसिमः** संघिय<br>♦ **शैक्षिक योग्यताः**आई.एड वा सो सरह<br>♦ **उमेरः**१८ वर्ष पूरा भई ४० ननाघेको<br>♦ **तलबः** नेपाल सरकारले तोके बमोजिम<br>♦ **दरखास्त दिने अन्तिम मिति** :- २०८२/०५/१०<br>♦ **सम्पर्क मितिः**२०८२/०५/११<br>♦ **परीक्षाको किसिम** :- लिखित अन्तवार्ता र कक्षा अवलोकन<br>♦ **परीक्षा दस्तुरः** १५०० पन्ध्र सय<br>♦ **आवश्यक कागजातहरु** :-<br>♦ हस्तलिखित निवेदन १ प्रति फोटो सहित<br>♦ नेपाली नागरिकताको प्रतिलिपी २ प्रति<br>♦ शैक्षिक योग्यताको प्रमाण पत्रहरु प्रतिलिपी २ प्रति<br>♦ अध्यापन अनुमति पत्रको प्रतिलिपी २ प्रति |

नोट : विद्यालय समय भित्र निवेदन जम्मा गर्नु पर्ने।

थप जानकारी : ९८५७०१००८० ९८२१४८९११६

**डि. एस. जि. नेपाल प्रा लि. रोहिणी गा.पा. वडा नं ३, धकधई रुपन्देही द्वारा प्रस्तावित माउथ फ्रेस्नर उद्योग निर्माण एवं संचालनको निमित्त प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मितिः २०८२।०४।२८)**

**डि.एस.जि.नेपाल प्रा.लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | डि. एस. जि. नेपाल प्रा.लि.<br>रोहिणी गा. पा. वडा नं-३, धकधई रुपन्देही |
| प्रस्तावको व्यहोरा | रोहिणी गाउँपालिका वडा नं.३, धकधईमा जग्गा कित्ता नं. ४८८ (जग्गा ३-२-४ मध्ये ०-५-०) १७२८० वर्ग मि. जग्गा भाडामा लिइ सुकुमेल/ एलाइची (Cardamom Fruit), सुकुमेल/ एलाइची विज (Cardamom seeds), प्रशोधन गरी डि. एस. जि. नेपाल प्रा. लि. द्वारा वार्षिक ३,६०,००० के.जि. माउथ फ्रेस्नर उत्पादन गर्ने उद्योग निर्माण एवं सञ्चालनका निमित्त प्रारम्भिक वातावरणीय परीक्षण। |
| प्रभाव पर्न सक्ने जिल्ला/गा.पा. | रुपन्देही जिल्ला / रोहिणी गाउँपालिका वडा नं-३, धकधई |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक, सांस्कृतिक र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन वातावरण संरक्षण नियमावली, २०७७ बमोजिम सूचना प्रकाशित गरिएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| **डि. एस. जि. नेपाल प्रा. लि.**<br>रोहिणी गा. पा. वडा नं ०३, धकधई रुपन्देही<br>फोन नः ९८२०३८७००९<br>इमेलः gaurav.niranjan@dsgroup.com | **कन्सर्न नेपाल प्रा.लि.**<br>काठमाडौं महानगरपालिका वडा नं १०, काठमाडौं<br>फोन नं ९८०१८७१९१२, ९८०२३७१९१६<br>इमेलः concernnepal@gmail.com |



**बुटवलमा लाखेनाच :**
बुटवल ११ देवीनगर माझगाउँमा रहेको नेवापुचः कार्यालय अगाडि देखाइएको लाखेनाच हेर्न आएका दर्शकहरु । लाखे नाच नेवार समुदायले कुनै विशेष जात्रा अथवा पर्वको उपलक्षमा लाखेको मुखुन्डो पहिरिएर गरिने परम्परागत नृत्य हो । नेवार समुदायमा विभिन्न प्रकारका नाचहरु नाचिन्छन् । प्रायः नाच देवीदेवताका हुन्छन् । यी मध्ये लाखे नाच धेरै रोचक हुन्छ ।
*तस्विर : डीबी टण्डन (विजय) ।*

# दिदीभाइले जिते स्वर्ण र रजत पदक



**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जाको भीरकोट नगरपालिका वडा नं. ७ बलमाटामा स्थायी घर भई हाल काठमाडौंमा अध्ययन गर्दै आएका एकै परिवारका दिदीभाइले अन्तर्राष्ट्रिय तेक्वान्दो (कराँते) प्रतियोगितामा स्वर्ण र रजत पदक जित्न सफल भएका छन् ।

काठमाडौंको न्युजेन स्पोर्ट एकेडेमीमा तेक्वान्दोको प्रशिक्षण लिँदै आएका रायन अर्याल र रिया अर्यालले क्रमशः स्वर्ण र रजत पदक जित्न सफल भएका हुन् । ३० देशबाट सहभागिता जनाएको प्रतियोगितामा झण्डै २५ हजार खेलाडीलाई पछि पार्दै उनीहरुले उक्त पदक जितेका हुन् ।

बिजेता खेलाडी अर्यालदद्धयसहित अन्यले पदकसँगै मलेसियाको रङ्गशालामा नेपालको राष्ट्रिय झण्डा फहराएर खुसी व्यक्त गरेका थिए । स्याङ्जामा जन्मिएका युवाहरुले राष्ट्रिय खेलकुदका विभिन्न विधामा पुऱ्याएको चर्चाबिच अर्यालद्धयले तेक्वान्दोमा हासिल गरेको सफलताले स्थानीयस्तरसँगै राष्ट्रिय चर्चा पाएको छ ।

भविश्यमा उनीहरुबाट तेक्वान्दो खेलमा विशेष प्रतिभा देखाउनेमा जिल्लावासीले धेरै आशा गरेका छन् । अर्यालद्धय स्याङ्जाका उद्योगपति, खिलुङ्कालिका एग्रो फार्म, गण्कडी मेडिकल कलेज तथा यूनीभर्शल मेडिकल कलेजका लगानीकर्ता भेषराज अर्यालका छोराछोरी हुन् । ९ वर्षीय रायन ४ र ११ वर्षीया रिया ७ कक्षामा काठमाडौंको एक विद्यालयमा अध्ययनरत छन् ।

साउन २२ देखि २५ गतेसम्म मलेसियाको निलाई इनडोर स्टेडियम नेगेरी सेम्बिलानमा सञ्चालित सातौं हिरोज इन्भिटेशनल (आमन्त्रित) तेक्वान्दो कपमा नेपालको तर्फबाट अर्यालद्धयसहित न्युजेन स्पोर्ट एकेडेमी काठमाडौंका खेलाडीले ४ स्वर्ण, २ रजत र १ कास्य पदक जित्न सफल भएका थिए ।

इन्डिभिजुयल (व्यक्तिगत) पुम्से (विधा) मा रायन अर्याल (स्याङ्जा) र साम्राज्ञी क्षेत्रीले स्वर्ण पदक जितेका थिए भने फेमिली पुम्सेमा स्वमिक महतरा र विष्णु महतराले स्वर्ण जित्न सफल भएको न्युजेन स्पोर्ट एकेडेमीले जनाएको छ ।

त्यसैगरी प्रतियोगिताकै इन्डिभिजुयल (व्यक्तिगत) पुम्सेमा रिया अर्याल (स्याङ्जा) र स्वमिक महतराले रजत पदक जित्न सफल भएका छन् भने भर्चुअल तेक्वान्दोमा सुप्रेम गुरुङ्ले कास्य पदक जित्न सफल भएका छन् । प्रतियोगितामा ३० देशका ३ सय ५७ समूहका २५ हजार भन्दा बढि खेलाडी प्रतिस्पर्धा गरेका थिए ।

# क्यूएएमा ह्याट्रिक गरेपछि लुम्बिनी वाणिज्यद्वारा बुटवलमा प्रभातफेरी



बुटवल । नेपालकै नमूना सामुदायिक क्याम्पसको रुपमा परिचीत लुम्बिनी वाणिज्य क्याम्पसले विश्वविद्यालय अनुदान आयोग नेपालबाट तेस्रोपटक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्यूएए) प्राप्त गरेको अबसरमा बुटवलमा प्रभातफेरी कार्यक्रम गरेको छ ।

क्याम्पस प्राङगणबाट सुरु भएको प्रभातफेरी तिनकुने, ईटाभट्टी, पुष्पलाल पार्क, मिलनचोक, राजमार्ग चौराह, कालिका चोक, होराइजन चोक हुँदै क्याम्पस प्रांगणमा आएर समापन भएको थियो । प्रभातफेरीमा बुटवल उपमहानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेय, वडा नं. ११ का वडा अध्यक्ष रामचन्द्र क्षेत्री, क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष सुरेन्द्रप्रसाद श्रेष्ठ, क्याम्पस प्रमुख प्रा.डा. ताराप्रसाद उपाध्याय, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरि अर्याल, नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डे, विभिन्न संघसंस्थाका अध्यक्ष एवं प्रतिनिधि क्याम्पस सञ्चालक समितिका सदस्यहरु, क्याम्पसका प्रध्यापकहरु, विद्यार्थी, अभिभावक एवं शुभचिन्तकहरुको उपस्थिति रहेको थियो ।

लुम्बिनी वाणिज्य क्याम्पसका क्याम्पस प्रमुख प्रा.डा. ताराप्रसाद उपाध्यायले लगातार तेस्रो पटकसम्म क्यूएए प्राप्त गर्ने वाणिज्य क्याम्पस नेपालमै पहिलो भएको बताए । उनले क्याम्पसलाई विश्वविद्यालय बनाउने गरी योजना बनाएको समेत बताए ।

क्याम्पसले क्यूएए प्राप्त गर्नु अघि अन्तिम चरणको मूल्यांकन गर्न विदेशी विज्ञसहितको पूर्ण परीक्षण भ्रमण टोली २०८१ पौष २२ गतेदेखि २६ गतेसम्म १२० सूचकभित्र रहेर सरोकारवालाहरु सङ्ग छलफल तथा अन्तरक्रिया सम्पन्न गरेको थियो ।

विश्वविद्यालय अनुदान आयोग नेपालको टोलीले क्याम्पसमा अध्ययनरत विद्यार्थी, कार्यरत कर्मचारी, प्राध्यापनरत प्राध्यापक, अभिभावक, क्याम्पस सञ्चालक समिति, स्ववियु, भूपू विद्यार्थी, विभिन्न कार्यक्रमका डाइरेक्टर तथा इञ्चार्ज, विभिन्न समूहका संयोजक, विभागीय प्रमुख, रोजगारदाता, स्थानीय समाजसेवी लगायत सरोकारवाला पक्षहरुसङ्ग छुट्टाछुट्टै छलफल तथा अन्तरक्रिया गरी आफ्नो प्रतिवेदन विश्वविद्यालय अनुदान आयोग नेपालको शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्मा बुझाएको थियो ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी वि.सं. २०३८ सालमा स्थापित यस क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट पहिलोपटक वि.सं. २०६८ सालमा क्यूएए प्रमाणपत्र प्राप्त गरेको थियो । त्यस्तै वि.सं.२०७५ सालमा पुनः दोश्रोपटक क्यूएए प्रमाणपत्र प्राप्त गरेको थियो भने वि.सं. २०७५ र वि.सं. २०८० सालमा सर्वोत्कृष्ट सामुदायिक क्याम्पसको रुपमा नेपाल सरकारबाट पुरस्कृत भएको थियो । त्यस्तै क्याम्पस वि.सं. २०७६ सालमा लुम्बिनी प्रदेश, प्रदेश प्रज्ञा पदक द्वितीयबाट विभूषित समेत भएको थियो ।

गुणस्तरीय शिक्षामा अब्बल रहेको क्याम्पसले पटक-पटक विश्वविद्यालय प्रथम, दोस्रो, तेस्रो समेत हुने गरेको छ भने क्याम्पसले त्रिभुवन विश्वविद्यालयको प्राज्ञिक स्वायत्तताअन्तर्गत पाँच वटा स्वायत्त कार्यक्रमहरु सञ्चालन गरेर विश्वविद्यालयको जग तयार पार्ने काम गरिरहेको छ । हाल क्याम्पसमा करिब ४ हजार विद्यार्थीहरु, ४८ जना प्राध्यापक र २५ जना कर्मचारी रहेका छन् ।

# प्रहरी चौकीलाई सामुदायिक वनको सहयोग



बुटवल । शिवनगर सामुदायिक वन उपभोक्ता समूह, बुटवलले बुटवल उप-महानगरपालिका वडा नं. ७ मा रहेको प्रहरी चौकी, श्रवणपथलाई नागरिक सहायता कक्षका लागि ३ थान काठका बेञ्ची तथा टेवलहरु निःशुल्क प्रदान गरेको छ ।

मंगलबार चौकीमा आयोजित एक कार्यक्रममा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष मनोज गौचनले चौकीका इञ्चार्ज प्रहरी सहायक निरीक्षक खगेन्द्र पराजुलीलाई सो सामग्री हस्तान्तरण गरेका हुन् ।

चौकीले थैवचोकमा स्थापना गरेको नागरिक सहायता कक्षलाई व्यवस्थित बनाउने र सेवा लिन आउने नागरिकको सुविधाका लागि उक्त सामाग्री प्रदान गरेको वन अध्यक्ष मनोज गौचनले बताए ।

अध्यक्ष गौचनले समाज सुधारका लागि गरिने काममा खटिने सुरक्षाकर्मीहरुलाई साधनश्रोतमा बलियो बनाउने उद्देश्य तथा सामाजिक उत्तरदायित्व पूरा गर्नका लागि वनले आवश्यक्ताअनुसार सहयोग गर्दै आएको जानकारी दिए ।

सो अवसरमा चौकीका इञ्चार्ज प्रसनि पराजुलीले सबै क्षेत्रको सहयोग र हातेमालोबाट नै समाजमा प्रहरीले सुरक्षा प्रबन्धको जिम्मेवारी पूरा गर्दै आएको बताउँदै वनको सहयोगले नागरिकहरुको सेवा अझ छिटो र छरितो गर्न सकिने विश्वास व्यक्त गरे ।

# कृषि तथा पशुसेवा केन्द्र हस्तान्तरण



**राधिका भुसाल**
*प्यूठान*

जिल्लाको प्यूठान नगरपालिकामा निर्माण गरिएको कृषि तथा पशुपंक्षी सेवा केन्द्रको भवन नगरपालिकालाई हस्तान्तरण गरिएको छ । नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालय ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना (रिड) अन्तरगतको आर्थिक कोरिडोर कार्यालय बुटवलले निर्माण गरेको उक्त भवन प्यूठान नगरपालिकालाई हस्तान्तरण गरिएको हो ।

सोमबार औपचारिक कार्यक्रम गरी नगरपालिकालाई भवन हस्तान्तरण गरिएको थियो । प्यूठान नगरपालिकाका नगरप्रमुख विष्णुबहादुर योगीले भवनको उद्घाटन गरेका हुन् । उद्घाटन कार्यक्रममा बोल्दै नगरप्रमुख योगीले यस भवनले सेवा प्रवाहमा सहजता ल्याउने बताए । "नगरवासी किसान तथा कृषिकहरुलाईको लागि आधारभुत प्रयोगशालाको सेवा प्रदान गरिने छ," उनले भने-"नगरपालिकामा बढी जसो कृषि काम गर्ने किसानहरु रहेकाले भवन निर्माणले किसानहरुका काम सहजता ल्याउने विश्वास छ ।" नगरपालिकावासी किसानहरुको सुरक्षा तथा सहजताका लागि प्रतिबद्ध रहेको समेत उनले बताए ।

कृषि प्रयोगशालाअन्तर्गत माटो परीक्षण, पोखरीको पानी परीक्षण, बालीनाली, तरकारी फलफूलमा लाग्ने किरा परीक्षण र पशु प्रयोगशालाअन्तर्गत पशुको रगत, गोबर, पिसाब परीक्षण, पशुको शल्यक्रिया, कृत्रिम गर्भाधान गर्ने उद्देश्यले उक्त भवनबाट सेवा हुने प्यूठान नगरपालिकाका पशु सेवा शाखाका प्रमुख गिरीराज पौडेले बताए ।

सेमिनार हल, आधारभूत प्रयोगशालासहित १० कोठे भवन सिनर्जी विल्डर्सले २ करोड ४७ लाखको लागतमा निर्माण कार्य सम्पन्न गरेको प्रमुख वरिष्ठ पशु चिकित्सक डा.उत्तम आचार्यको जानकारी दिए । रिड आयोजनाको आर्थिक कोरिडोर कार्यालय बुटवलका प्रमुख वरिष्ठ पशु चिकित्सक डा.उत्तम आचार्यको अध्यक्षतामा सम्पन्न भएको थियो ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com